नेपाल सरकार

# जनसंख्या तथा वातावरण मन्त्रालय

(वातावरण मूल्याङ्कन शाखा)

च.नं. :-

प.सं.:-

मितिः २०७३/०३/१२

विषयः पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन स्वीकृत गरीएको वारे ।

श्री उर्जा मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

तहाँ मन्त्रालयको च.नं. २४१ मिति २०७२/०८/२३ को पत्रसाथ प्राप्त श्री विन्धवासिनी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा.लि. प्रस्तावक रहेको रुदी खोला ए जलविद्युत आयोजना (८.८ मे.वा.) को पुरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन माथि कारवाही हुंदा प्रस्तावकबाट प्राप्त परिमार्जित EIA प्रतिवेदन May 2016 लाई निम्न शर्तहरु सहित स्वीकृत गरिएको ब्यहोरा नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७३/०३/०८ को निर्णयानुसार अनुरोध छ ।

सुरेन्द्र राज पन्त
(ईकोलोजिष्ट)

शर्तहरुः

१. प्रस्ताव कार्यान्वयन तथा सञ्चालनको क्रममा थप/नयाँ नकारात्मक प्रभावहरु देखिन गएमा प्रस्तावकले स्वयंको खर्चमा निराकरण/न्यूनिकरण गर्नु पर्नेछ ।
२. प्रस्ताव सञ्चालनमा आएको २ वर्ष पुग्ने मिति वारे यस मन्त्रालयलाई अग्रिम लिखित जानकारी गराई वातावरणीय परीक्षण कार्यमा सहयोग पुऱ्याउनु पर्नेछ ।
३. प्रस्ताव कार्यान्वयनको सिलसिलामा प्रस्तावकले नियमित वातावरणीय अनुगमनको व्यवस्था गर्नु पर्नेछ र अनुगमनको वार्षिक प्रतिवेदन तयार गरी यस मन्त्रालय लगायत सरोकारवाला निकायलाई नियमित रुपमा पठाउनु पर्नेछ ।
४. यस प्रतिवेदनमा समिक्षा गरिएका बाहेक अन्य प्रचलित र समय सापेक्ष जारी वा संशोधन भई लागु हुने तथा कानूनहरु तथा सरोकारवालाहरुबाट प्राप्त सहमति/अनुमति/सिफारिस पत्रमा उल्लेख गरिएका प्रावधानहरुलाई प्रस्तावकले पालना गर्नु पर्नेछ ।

बोधार्थः

श्री विन्धवासिनी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा.लि. *(प्रमाणित SEIA का प्रतिहरु श्री उर्जा*
नयाँवानेश्वर, काठमाण्डौ । *मन्त्रालयमा पठाउने व्यवस्था समेत हुन ।)*

श्री वातावरण विभाग, कुपण्डोल, ललितपुर । *(तहाँको प्रयोजनार्थ एक प्रति प्रतिवेदन पठाईएको छ ।)*

कार्यालयको ठेगानाः सिंहदरबार, काठमाडौं
कार्यालयको टेलिफोन नं.
फ्याक्स नं.
ईमेलः Info@moste.gov.np
वेव साईट : www.moste.gov.np

नेपाल सरकार
# विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय
(वातावरण महाशाखा)

पत्र संख्या :
च.नं. : ४६६०

मिति: २०७०।०३।११

विषयः रूदी खोला ए जलविद्युत आयोजना (६.८ मेगावाट) को परिमार्जित EIA प्रतिवेदन स्वीकृत गरिएको बारे ।

श्री ऊर्जा मन्त्रालय,
सिंहदरवार ।

तहाँको पत्रका साथ यस मन्त्रालयमा मिति २०६९/०९/२३ मा दर्ता भएको उपर्युक्त विषयमा उल्लिखित आयोजनाको EIA प्रतिवेदन तथा प्रस्तावकको मिति २०७०/०२/०२ को पत्र साथ यस मन्त्रालयमा प्राप्त भएको सोही आयोजनाको परिमार्जित तथा अद्यावधिक गरिएको EIA प्रतिवेदनलाई देहाय बमोजिमका शर्तका साथ स्वीकृत गरिएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०७०/०३/०९ को निर्णयानुसार अनुरोध छ ।

शर्तः

१. Fish Movement/Migration को लागि Fish Ladder को व्यवस्था मिलाइएको हुनुपर्ने ।

२. प्रतिवेदनमा उल्लेख भए बमोजिम Dewatered Zone मा रहेका र रूदी खोला स्रोतवाट संचालित Water Mills र Irrigation System लाई हालको आवश्यकता अनुसारको पानी अपूग भएमा सो को प्रबन्ध गर्ने वा सो वापतको Compensation वा अन्य Mitigation Measures पहिचान, व्यवस्थापन प्रस्तावक स्वयंको पहल तथा खर्चमा गरिनुपर्नेछ ।

३. EMP अन्तर्गत उल्लेखित कार्यहरूको अतिरिक्त वातावरण संरक्षणको हेतु प्रस्ताव कार्यान्वयनका क्रममा गरिने क्रियाकलाप र यसको प्रभाव व्यवस्थापन सम्बन्धी वातावरणीय अनुगमन/मूल्यांकन प्रतिवेदन वार्षिक रूपमा तयार गरी यस मन्त्रालयमा पठाउनु पर्नेछ ।

४. प्रस्ताव निर्माण सम्पन्न भई संचालनमा आएको मितिले २ वर्ष भित्र यस मन्त्रालयलाई लिखित जानकारी दिई वातावरणीय परिक्षण कार्यमा सघाउ पुर्याउने ।

५. प्रस्ताव कार्यान्वयनका बखत देखिन सक्ने थप Environmental Impacts समेतको निराकरण प्रस्तावकले गर्नुपर्नेछ ।

६. Compensatory Plantation को लागि Local Species लाई वढावा दिनुपर्ने ।

(विदुर झा)
इन्जिनियर
(वातावरण मूल्याङ्कन शाखा)

बोधार्थः
श्री Bindhyabasini Hydropower Development Company Pvt. Ltd.
पोखरा, कास्की ।

(स्वीकृत EIA प्रतिवेदनको प्रमाणित प्रति ऊर्जा मन्त्रालयमा तहाँबाट सीधै पठाउने व्यवस्था हुन)